# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय :- सिद्धार्थनगर-५ मैत्रीपथ, भैरहवा, रुपन्देही**

# प्रथम वार्षिक प्रतिवेदन

**( 1st ANNUAL REPORT)**

## आ.व. २०७४/७५

( F.Y.2074/75)

**मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड**

---

**प्रतिनिधी (प्रोक्सी) फाराम**

**(कम्पनी ऐन २०६३को दफा ७१ को उपदफा (३) संग सम्वन्धित**

मितिः

श्री संचालक समिति
मनकामना लघुवित्त वित्तीय संस्था लि.
सिद्धार्थनगर ५, रुपन्देही

विषय : प्रतिनिधी नियुक्त गरेको बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा ........................................ बस्ने म ................................................ ले मनकामना लघुवित्त वित्तीय संस्थाको मिति २०७५ पौष १३ गते शुक्रवारका दिन निर्वाणा होटेल, सिद्धार्थनगर ५ मा आयोजना हुने प्रथम वार्षिक साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णय र मतदान प्रकृयामा सहभागी हुन असमर्थ भएकोले उक्त सभामा भाग लिन, छलफल गर्न, निर्णय तथा मतदान गर्नको लागि ............................. बस्ने त्यस कम्पनीका शेयरधनी श्री ................................................ लाई मेरो प्रतिनिधी मनोनयन गरी पठाएको छु ।

**प्रतिनिधी नियुक्त हुने व्यक्तिको**

हस्ताक्षरको नमूना :
नाम :
ठेगाना :
शेयर धनी नं. /हितग्राही खाता नं. :
शेयर संख्या :

**निवेदक ( प्रोक्सी दिने) :**
हस्ताक्षर :
नाम :
ठेगाना :
शेयर धनी नं. /हितग्राही खाता नं. :
शेयर संख्या :

द्रष्टब्य : यो निवेदन साधारणसभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा पेश गरिसक्नुपर्नेछ ।

## मनकामना लघुवित्त वित्तीय संस्था लि.को

**प्रथम वार्षिक साधारणसभामा उपस्थितीको लागि**
**प्रवेश पत्र**

१. शेयरधनीको नाम : ..................................................................................
२. ठेगाना : ..............................................................................................
३. शेयर धनी नं. /हितग्राही खाता नं. ............. ...................................................
४. लिएको शेयर संख्या : ..................................................................................
५. शेयरधनीको दस्तखत : ...............................................................................

.......................
कम्पनी सचिव

*(कृपया यो प्रवेशपत्र शेयरधनी आफैले भर्नुहोला)*

# मनकामना लघुवित्त वित्तीय संस्था लि.

## सिद्धार्थनगर ५, रुपन्देहीको

**प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५।०८।२१

यस मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७५।०८।१२ मा बसेको संचालक समितिको २७औं बैठकको निर्णयानुसार यस संस्थाको प्रथम साधारण सभा देहायका बिषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

- **मिति** : २०७५ पौष १३ गते शुक्रबार
- **समय** : दिउँसो ४।०० बजे
- **स्थान** : होटल निर्वाणा सिद्धार्थनगर ५, रुपन्देही ।

**छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने बार्षिक प्रतिवेदन पारित गर्ने ।

२. आर्थिक बर्ष २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. आ.ब. २०७४/०७५ को लागि समितिले नियुक्त गरेका लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.ब. २०७५/०७६ को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (बर्तमान लेखापरीक्षक जी. पौड्याल एण्ड एसोसिएट्स पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

५. समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६. सञ्चालक समितिमा उपस्थित भए बापत सञ्चालकहरुले पाउने बैठक भत्ता तथा अन्य सुविधा अनुमोदन गर्ने ।

**ख) बिशेष प्रस्तावहरु :**

१. विद्यमान संस्थापकहरुमा हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १०:१२ अर्थात १० शेयर बराबर १२ शेयर (१२० प्रतिशत) को अनुपातमा हकप्रद शेयर जारी गर्ने र संस्थाको अधिकृत पूंजी रु.२० करोड, जारी पूँजी रु. १४ करोड ७४ लाख तथा चुक्ता पूँजी रु. १० करोड ०१ लाख वनाउने ।

२. संस्थाको प्रबन्धपत्रको दफा ५ (ढ), तथा दफा ६ (क), ६ (ख), ६ (ग), ६ (घ), ६(ड.), र ६(च) संशोधन गर्ने ),५(ण)थप गर्ने। (तीन महले विवरण अनुसार)

३. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायबाट स्वीकृत गराउने क्रममा तथा तत्पश्चात पनि प्रबन्धपत्र तथा नियमावलीमा थपघट गर्न, सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

ग) विविध ।

(साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि यस संस्थाको वेब-साईट www.manakamanalbs.com हेर्न सक्नुहुनेछ ।)

(नोट : मिति २०७५/०८/२१ गते मेचीकाली पत्रिकामा प्रकाशित सूचनामा विशेष प्रस्ताव नं. १ र २ स्पष्ट गर्न छुट हुन गएको शब्दलाई संशोधन गरी प्रकाशित गरिएको)

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धी अन्य जानकारी:**

१. वित्तीय संस्थाको बार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिकामा दर्ता भएका शेयरधनीहरुले मात्र बार्षिक साधारण सभामा भाग लिन पाउने छन् ।
२. साधारणसभामा भाग लिनका लागि सूचनासाथ प्रेषित: प्रवेशपत्र सहित आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनु हुन सवै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।
३. शेयरधनी दर्ता पुस्तीका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारणसभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाईनेछ । कारणवश उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा यस वित्तीय संस्थाले आफ्नो वेब-साईट www.manakamanalbs.com वा अन्य सञ्चार माध्यममा प्रकाशित गरेको सूचनालाई आधारमानी साधारणसभामा भाग लिनसक्नु हुनेछ ।
४. साधारणसभामा भाग लिन, छलफल गर्न र मतदान गर्न प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । यसरी प्रतिनिधी नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा ४८ घण्टा अगावै दिईसक्नुपर्नेछ ।
५. प्रतिनिधि नियुक्त गर्दा एकजना भन्दा वढी नियुक्त गर्न सकिने छैन ।
६. संगठित संस्था शेयरधनी भएमा उक्त संस्थाद्वारा मनोनित ब्यक्तिले ल्याउने गरि प्रतिनिधी पत्र (प्रोक्सी) फारममा संस्थाको छाप तथा आधिकारिक ब्यक्तिको दस्तखत हुनु पर्नेछ ।
७. साधारणसभाको दिन सभा शुरु हुनु भन्दा अगावै उपस्थित भईदिनु हुन शेयरधनी महानुभावलाई अनुरोध गरिन्छ ।
८. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारणसभा हुने दिन दिंउसो १२:०० वजेदेखि साधारणसभा समापन नहुञ्जेल सम्म खुल्ला रहनेछ ।
९. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा छलफल गर्ने विषय बारे सभा हुनु भन्दा एकहप्ता अगावै कार्यालय समय भित्र अध्यक्षज्युलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । उक्त विषयको औचित्य हेरी छलफलमा समावेश गरिएतापनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।
१० संचालकको निर्वाचन यस संस्थाको **संचालक निर्वाचन निर्देशिका २०७५** वमोजिम गरिनेछ । यस सम्बन्धी कार्यतालिका वित्तीय संस्थाको सुचनापाटीमा टांस गरिने छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुमा उल्लेखित योग्यता पुग्ने ब्यक्ति मात्र सञ्चालकको उम्मेदवार हुन सक्नेछ ।
११. अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।
१२. यसमा उल्लेख नभएको जानकारी सम्वन्धमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन , कम्पनी ऐन तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड

## संक्षिप्त परिचय

**१. पृष्ठभूमि :**

गरीवि न्युनीकरणकरण गर्न देशको उत्पादन क्षेत्रमा वृद्धी गर्न आवश्यक रहेको हुन्छ । उत्पादनमा टेवा पुऱ्याउन सरकारी तथा गैर सरकारी तवरवाट अर्थतन्त्रलाइ चलायमान वनाई कृषी, उद्योग तथा व्यापार क्षेत्रमा उल्लेखनीय लगानी गर्न आवश्यक रहेको संदर्भमा सरकारी तथा निजी क्षेत्रका वैंकहरुले यस क्षेत्रमा हाल उल्लेखनीय लगानी समेत गर्दै आएका छन । तथापि यस्ता वैंक वित्तीय संस्थाहरुले शहरी क्षेत्रका मभ्फौला तथा ठूला उद्यमी व्यवसायीहरुलाइ केन्द्र विन्दु वनाई कार्य गर्ने गरेको छ । देशको ग्रामीण क्षेत्रमा रहेका विपन्न वर्गलाइ अर्थतन्त्रको मूलधारमा नल्याई ग्रामीण क्षेत्रको विकास सम्भव नहुने र ग्रमीण क्षेत्रको आर्थिक विकासको लागि ग्रामीण क्षेत्रमा वित्तीय कारोवार गर्ने संस्थाहरुको आवश्यकता महसुस भई नेपालमा लघुवित्त कारोवार गर्ने गरी ने.रा.वैंकवाट "घ" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न इजाजत दिने व्यवस्था गरिएको छ। नेपालमा लघुवित्त संस्थाहरुको स्थापना क्रम आ.व.२०४९/५० देखि शुरु भएको थियो। देशमा द्वन्दको अवस्थाको कारण २०६३ साल सम्म लघुवित्त संस्थाहरुको विकास र विस्तार मन्द गतिमा रहेतापनि २०६३ साल पछि देशको राजनैतिक परिवर्तन संगै लघुवित्त संस्थाहरुको स्थापनाको क्रम पनि तिव्र रुपमा वढेको छ। २०७५ कार्तिक मसान्त सम्म ७० वटा लघुवित्त वित्तीय संस्थाहरुले इजाजत प्राप्त गरी सकेका छन ।

देशको ग्रामीण क्षेत्रमा आर्थिक कारोवारको प्रचुर सम्भावना रहेको संदर्भमा लघुवित्त संस्थाको स्थापना गरी ग्रामीण अर्थतन्त्रमा योगदान गर्ने अभिप्रायले विशेष गरी रुपन्देही, काठमाण्डौ र विराटनगरमा वसोवास गर्ने उद्यमी तथा व्यवसायीहरुको पहलकदमीमा संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका वार्ड नं. ५ मैत्रीपथ , रुपन्देहीमा रहने गरी यस मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थापनाको अवधारणा वनेको थियो । सोही अनुरुप यो संस्था मिति २०७४/०६/२५ मा कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौंमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०७४/१०/०२ मा वित्तीय कारोबार गर्ने अनुमति प्राप्त गरेको छ र २०७४।११।०६ गते देखि विपन्न वर्गमा कर्जा प्रवाह तथा वचत संकलन गरी वित्तीय कारोवारको शुभारम्भ गरेको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र नेपाल राष्ट्र बैंकबाट १० जिल्ला कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त यस संस्थाको कार्यक्षेत्रमा तराईका रुपन्देही र कपिलवस्तु गरी २ जिल्ला तथा पाल्पा, स्यांग्जा, अर्घाखांची, गुल्मी,पर्वत, तनहु, प्युठान र रोल्पा गरी ८ वटा पहाडी जिल्ला रहेका छन ।

**२.<u>२०७५ कार्तिक मसान्त सम्म कार्यक्रम विस्तार भएका जिल्ला तथा कार्यालयहरु</u> :**

यस संस्थाको केन्द्रीय कार्यालय रुपन्देहीको सिद्धार्थनगर नगरपालिका वार्ड नं. ५, मैत्रीपथ भैरहवामा रहेको छ । १० जिल्ला कार्य क्षेत्र रहेतापनि प्रारम्भिक चरणमा रुपन्देही, कपिलवस्तु, गुल्मी, पाल्पा, स्यांगजा र अर्घाखांची गरी ६ जिल्लामा १६ वटा शाखा कार्यालय स्थापना गरी सकिएको छ भने अन्य ४ जिल्लामा चालु आ.व.मा नै न्युनतम पनि ४ वटा शाखा स्थापनाको योजना रहेको छ। शाखा कार्यालयहरुको विवरण देहाय अनुसार रहेको छ।

१. शाखा कार्यालय भैरहवा (सिद्धार्थनगर नगरपालिका वार्ड नं. ८, रुपन्देही)

२. शाखा कार्यालय शंकरनगर (तिलोत्तमा नगरपालिका वार्ड नं. २, रुपन्देही)

३. शाखा कार्यालय अमवा ( सियारी गाउंपालिका वार्ड नं. ७, रुपन्देही)

४. शाखा कार्यालय शिवपुर (तिलोत्तमा नगरपालिका वार्ड नं. ११, रुपन्देही)

५. शाखा कार्यालय बासगढी (सैनामैना नगरपालिका वार्ड नं. ८, रुपन्देही)

६. शाखा कार्यालय शंकरपुर (देवदह न.पा. १ रुपन्देही)

७. शाखा कार्यालय जितपुर (बाणगंगा न.पा. १, कपिलवस्तु)

८. शाखा कार्यालय गोरुसिङ्गे (बुद्धभूमि न.पा. २, कपिलवस्तु)

९.शाखा कार्यालय वनकट्टा ( सैनामैना न.पा. २, रुपन्देही)

१०. शाखा कार्यालय वांसटारी ( तानसेन न.पा ७ ,पाल्पा)

११. शाखा कार्यालय मिर्मि (कृष्ण गण्डकी गा.पा.६,.स्यांग्जा)

१२. शाखा कार्यालय तम्घास ( रेसुंगा न.पा २, तम्घास गुल्मी )

१३. शाखा कार्यालय लुम्विनी ( लुम्विनी सांस्कृतिक न.पा ६, कपिलवस्तु )

१४. शाखा कार्यालय पकडी (.मायादेवी गा.पा १, कपिलवस्तु )

१५.शाखा कार्यालय, खैरेन्द्रपुर (शिवराज न.पा.४, कपिलवस्तु )

१६. शाखा कार्यालय ठाडा (शीतगंगा न.पा ४, अर्घाखांची)

**३. पूँजी संरचना :** यस संस्थाको अधिकृत तथा जारी पूंजी रु.६ करोड ५० लाख रहेको छ भने चुक्ता पूंजी रु.४ करोड ५५लाख रहेको छ।

**४. शेयर संरचना विवरण :** संस्थाको शेयरधनीहरु र शेयर संरचना देहाय अनुसार रहेको छ।

| *क्र. सं.* | *संस्थापक शेयरधनीको नाम, थर* | *ठेगाना* | *शेयर संख्या* | *शेयर रकम* | *शेयर %* |
|---|---|---|---|---|---|
| १. | सुनिता गुप्ता | न्यूरोड, काठमाण्डौं | ५००० | ५,००,०००। | ०।७७ |
| २. | विपिन कुमार खेतान (गुप्ता) | बानेश्वर-१०, काठमाण्डौ | ७५०० | ७,५०,०००। | १।१५ |
| ३. | विशालकुमार खेतान | बानेश्वर-१०, काठमाण्डौ | ७५०० | ७,५०,०००। | १।१५ |
| ४. | करण खेतान | बानेश्वर-१०,काठमाण्डौं | ५००० | ५,००,०००। | ०।७७ |
| ५. | अजय गोयनका | सि.न.पा. वडा नं.१२, रुपन्देही | ६५००० | ६५,००,०००। | १०।०० |
| ६. | गोपीकृष्ण चोखानी | का.जि.का.न.पा. वडा नं.२९ | २०००० | २०,००,०००। | ३।०८ |
| ७. | अमित कुमार गोयनका | सि.न.पा. वडा नं.१२, रुपन्देही | ४५००० | ४५,००,०००। | ६।९२ |
| ८. | सन्दिप कुमार अग्रवाल | सि.न.पा. वडा नं.०५, रुपन्देही | ४०००० | ४०,००,०००। | ६।१५ |
| ९. | अभिशेक बेरिवाल | सि. न.पा. वडा नं.०५, रुपन्देही | ४०००० | ४०,००,०००। | ६।१५ |
| १०. | विवेक शाक्य | बुटवल न.पा.११, रुपन्देही | १०७५० | १०,७५,०००। | १।६५ |
| ११. | रीता खेतान | का.जि.का.न.पा. वडा नं. ३१ | २३००० | २३,००,०००। | ३।५४ |
| १२. | निशा अग्रवाल | धरान न.पा. वडा नं. ०२ | १५००० | १५,००,०००। | २।३१ |
| १३. | जुली चाचन | विरगंज न.पा. वडा नं. ०७ | १५००० | १५,००,०००। | २।३१ |
| १४. | सन्दीप खेतान | का.जि.का.न.पा. वडा नं. ३१ | १५००० | १५,००,०००। | २।३१ |
| १५. | पुरुषोत्तम खेतान | विराटनगर, उ.न.पा. ०९ | १६००० | १६,००,०००। | २।४६ |
| १६. | नितिन खेतान | का.जि.का.न.पा. वडा नं. ३१ | १५००० | १५,००,०००। | २।३१ |
| १७. | सन्तोष अग्रवाल | का.जि.का.न.पा. वडा नं. ३१ | ८००० | ८,००,०००। | १।२३ |
| १८. | सन्जय अग्रवाल | का.जि.का.न.पा. वडा नं. ३१ | ४००० | ४,००,०००। | ०।६२ |
| १९. | दिक्षा अग्रवाल | का.जि.का.न.पा. वडा नं. ३१ | ४००० | ४,००।०००। | ०।६२ |
| २०. | प्रदिप कुमार सुद्रनिया | पडसरी गा.वि.स. ०३ रुपन्देही | ५००० | ५,००,०००। | ०।७७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | रेनु उपाध्याय | कपिलवस्तु वडा नं. ०५ | १०००० | १०,००।०००। | १।५४ |
| २२. | मैना देवी खेतान | का.म.न.पा., ३१, काठमाण्डौं | २५२५० | २५,२५,०००। | ३।८८ |
| २३. | शोभा सिलवाल | नेपालगन्ज-६, बाँके | २००० | २,००,०००। | ०।३१ |
| २४. | सज्जन कुमार खेतान | नक्शाल, चारढुङ्गा,काठमाण्डौ | १५००० | १५,००,०००। | २।३१ |
| २५. | ताराचन्द्र खेतान | विराटनगर उ.म.न.पा. ०९ | १५००० | १५,००,०००। | २।३१ |
| २६. | सम्रिता तिवारी | विराटनगर उ.म.न.पा. ०८ | २००० | २,००,०००। | ०।३१ |
| २७. | शिखा जोशी | काठमाण्डौं- २७ | ५००० | ५,००,०००। | ०।७७ |
| २८. | मनिश गर्ग | सि.न.पा. वडा नं.०५, रुपन्देही | १५००० | १५,००,०००। | २।३१ |
| | **जम्मा** | | ४५५००० | ४,५५,००,०००। | ७० |

**५. वित्तीय संस्थाको दुरदृष्टि, ध्येय तथा लक्ष्य :**

**दुरदृष्टि :** लघुवित्त कारेवारको माध्यमवाट स्वावलम्वी, आत्मनिर्भर र आर्थिक रुपमा सशक्त समाजको निर्माणको लागि आवश्यक वित्तीय सेवाहरु उपलव्ध गराउन सक्षम र सवल संस्थाको रुपमा स्थापित हुने ।

**ध्येय :** स्तरीय लघुवित्त सेवा मार्फत ग्रामीण विपन्न समुदायलाई स्वावलम्वी , आत्मनिर्भर र आर्थिक रुपमा सशक्त बनाउने।

**लक्ष्य :** ग्रामीण विपन्न वर्ग र तिनीहरुको वित्तीय आवश्यकता पहिचान गरी स्वरोजगारमुलक कार्यहरुमा संलग्न गराई आय वृद्धी गर्न स्तरीय र समावेशी लघुवित्त सेवा प्रदान गर्ने।

**६. वित्तीय संस्थाले प्रदान गर्ने सेवाहरु :**

**क. कर्जा सेवा :** यस संस्थाले विपन्न वर्गमा प्रवाह गर्ने कर्जा सेवा देहायअनुसार रहेको छ।

| **क.सं** | **कर्जाको किसिम** | **कर्जा उपलव्ध गराउने आधारहरु** | **लक्षित वर्ग** |
|---|---|---|---|
| १. | साधारण कर्जा | सामुहिक जमानी | समुहमा आवद्ध सदस्यहरु |
| २. | मौसमी कर्जा | सामुहिक जमानी | समुहमा आवद्ध सदस्यहरु |
| ३. | सिचाइ कर्जा | सामुहिक जमानी वा स्वीकार योग्य धितो | समुह सदस्यहरु वा एकल सदस्यहरु |
| ४. | लघु उद्यम कर्जा | स्वीकार योग्य धितो | समुह सदस्यहरु वा एकल सदस्यहरु |
| ५. | वैकल्पिक उर्जा कर्जा | सामुहिक जमानी वा स्वीकार योग्य धितो | समुह सदस्यहरु वा एकल सदस्यहरु |
| ६. | वैदेशिक रोजगार कर्जा | सामुहिक जमानी वा स्वीकार योग्य धितो | समुह सदस्यहरु वा एकल सदस्यहरु |
| ७ | शैक्षिक कर्जा | स्वीकार योग्य धितो | समुहमा आवद्ध सदस्यहरु |
| ८. | आकस्मिक कर्जा | सामुहिक जमानी | समुहमा आवद्ध सदस्यहरु |
| ९. | स्वावलम्वी केन्द्र कर्जा | सामुहिक जमानी वा स्वीकार योग्य धितो | समुहमा आवद्ध सदस्यहरु |

**ख. निक्षेप सेवा:** यस संस्थाले विपन्नवर्गको समुह सदस्यहरु तथा एकल सदस्यहरुवाट देहायको निक्षेप स्वीकार गर्न सक्दछ ।

| **क.सं** | **निक्षेपको किसिम** | **निक्षेपकर्ताहरु** |
|---|---|---|
| १. | अनिवार्य समुहकोष वचत | समूहमा आवद्ध सदस्यहरु |
| २. | अनिवार्य आपतकालीनकोष | समूहमा आवद्ध सदस्यहरु |
| ३. | अनिवार्य केन्द्रकोष वचत | समूहमा आवद्ध सदस्यहरु |
| ४. | ऐच्छिक व्यक्तिगत वचत | समुह सदस्य वा एकल सदस्यहरु |
| ५. | ऐच्छिक शैक्षिक वचत | समुह सदस्य वा एकल सदस्यहरु |
| ६. | ऐच्छिक एकल वचत | समुह सदस्य वा एकल सदस्यहरु |
| ७. | ऐच्छिक मनकामना सुनौलो वचत | समुह सदस्य वा एकल सदस्यहरु |
| ८. | ऐच्छिक मनकामना पेन्सन वचत | समुह सदस्य वा एकल सदस्यहरु |
| ९. | ऐच्छिक विशेष वचत | समुह सदस्य वा एकल सदस्यहरु |
| १०. | ऐच्छिक सदस्य सहयोग सामुहिक वचत | समूहमा आवद्ध सदस्यहरु |

**७. संस्थाले संचालन गर्ने अन्य कार्यक्रमहरु:** विपन्न वर्गको आर्थिक अवस्थामा सुधार गर्ने मुख्य उद्देश्य पुरा गर्न सदस्यहरुलाइ वित्तीय साक्षरता प्रदान गर्ने , सामुहिक सदभाव र सामाजिक विकासको भावना जागृत गरी सामाजिक कार्यक्रममा सहभागी गराउने, शैक्षिक तथा स्वास्थ्य सम्वन्धि चेतना जगाउने र समग्रमा अनुशासित ,परिश्रमी र सामाजिक जिम्मेवारी वहन गर्ने नागरिकको रुपमा सदस्यहरुलाइ तयार पारी आर्थिक सामाजिक रुपान्तरण गर्ने कार्य समेत यस संस्थाले गरेको छ । यसको साथ साथै कर्जा लिएका ऋणीहरुको र निजका अभिभावकको असामयिक निधन भएमा संस्थावाट लिएको कर्जाको भार निजका आश्रितहरुमा नपरोस भन्ने अभिप्रायले वीमा कम्पनी मार्फत कर्जा रकम वरावर कर्जा अवधिकोलागि सावधिक जीवन वीमा गर्ने व्यवस्था समेत गरिएको छ । साथै संस्थाको खुद मुनाफा वाट नियामकीय व्यवस्थानुरुपको ग्राहक संरक्षणकोष तथा सामाजिक उत्तरदायित्वकोष खडा गरी सो कोषवाट समेत आगामी दिनमा सदस्यहरुको हितमा र सामाजिक रुपान्तरणको लागि खर्च गरिनेछ ।

# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रथम वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट

## अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

मनकामना लघुवित्त वित्तीय संस्था लि., सिद्धार्थनगर रुपन्देहीको प्रथम वार्षिक साधारणसभामा सहभागी हुन आउनु भएका सम्पूर्ण शेयरधनी तथा शेयरधनीका प्रतिनीधि महानुभावहरुलाई वित्तीय संस्थाको संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु।

यस संस्थाले गरीवी न्यूनीकरणको राष्ट्रिय उद्देश्यलाइ आत्मसात गर्दै २०७४ फाल्गुण महिना देखि लघुवित्त कारोवार गर्दै आएको छ। विपन्न वर्गका विशेषगरी महिलाहरुलाइ समूहमा आवद्ध गराई उनीहरुलाइ वित्तीय साक्षरताको ज्ञान दिई आयमुलक कार्यमा सहभागी गरांउदै आवश्यक लघु कर्जा प्रवाह गर्ने र उनीहरुवाट वचत संकलन गरी पूंजी निर्माणमा टेवा पुऱ्याउने कार्यमा संलग्न यस संस्थाले स्थानिय विपन्न वर्गको आर्थिक सामाजिक रुपान्तरणको कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै राष्ट्रिय दायित्व वहन गर्नमा समेत साझेदारी गरेको छ।

शेयरधनी महानुभावहरु ! यस वित्तीय संस्थाको प्रथम साधारण सभाको सुखद अवसरमा वित्तीय संस्थाले आर्थिक वर्ष २०७४/७५मा हासिल गरेका उपलब्धिहरुलाई समाहित गरेको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा गौरवान्वित भएको अनुभव गरेको छु। यस प्रतिवेदन उपर र वित्तीय संस्थाको समग्र गतिविधिहरुमा यहांहरुको अमूल्य सल्लाह र सुझावको अपेक्षा राख्दै आर्थिक वर्ष २०७४/७५ को वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान वांडफांड, नगद प्रवाह विवरण, सम्वन्धित अनुसूचीहरु र सो उपर लेखापरीक्षकको प्रतिवेदन लगायतका अन्य विवरणहरु स्वकिृतिकालागि सभा समक्ष पेश गर्न तथा चालु आ.व.को २०७५ कार्तिक मसान्त सम्मको उपलव्धी तथा आगामी कार्ययोजना समेत सभा समक्ष जानकारीकोलागि प्रस्तुत गर्न अनुमति चाहन्छु।

**क. समीक्षा अवधिको कारोबारको सिंहावलोकन :**

**१. संचालन गतिविधिको समीक्षा:** २०७४ फाल्गुण ०६ गते देखि कारोवार गरेको यस वित्तीय संस्थाले स्थापनाकालको ५ महिनामा अर्थात २०७५ असार मसान्त सम्म आफ्नो १० जिल्ला कार्यक्षेत्र मध्ये ४ जिल्लामा ११ वटा शाखा स्थापना गरेको छ। यस अवधिमा ग्रामीण क्षेत्रका विपन्न तथा सीमान्तीकृत समुदायका २७१७ जना सदस्यहरुलाइ २८१ वटा केन्द्र र ५७४ समुहमा आवद्ध गराई लघुकर्जा तथा वचत सेवा उपलव्ध गराएको छ। यस अवधिमा संस्थाको कुल कर्जा प्रवाह रु.१२,४४,८९,०००। र कर्जा असुली रु.१,४३,८२,०८५। भई कुल लगानीमा रहेको कर्जा रु. ११,०१,०६,९१५। रहेको छ। यस अवधिमा संस्थाको सदस्यहरुवाट रु.१,११,८२,८४१।०४निक्षेप संकलन गरिएको छ।

**२. वित्तीय स्थिति:**

**२.१ कुल आम्दानी:** आर्थिक वर्ष २०७४/७५मा यस संस्थाको व्याज आम्दानी रु. ४२,३७,२७७।२२, अन्य आम्दानी रु. २३,०४,८७२।२१, स्थगन कर आम्दानी रु.१२,५४,५७२।६५ गरी जम्मा आम्दानी रु. **७७,९६,७२२।०८** रहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

**२.२. कुल खर्च:** आर्थिक वर्ष २०७४/७५मा यस संस्थाको कर्मचारी खर्च रु ५१,४८,३३७।४४, कार्यालय संचालन खर्च रु. ३१,७४,६१३।४४ व्याज खर्च रु. १७,९०,६८२।१८, सम्भावित कर्जा नोक्सानी व्यवस्था खर्च रु.११,०१,०६९।१५ गरी कुल खर्च रु. **१,१२,१४,७०२।२१** रहेको व्यहोरा अवगत गराउन चाहन्छु। वित्तीय क्षेत्रमा तरलताको अभावले संस्थाले अन्य वैंक तथा वित्तीय संस्थाहरुवाट लिएको ऋण सापटमा अत्यन्त चर्को व्याजदर रहेको र सो व्याजदर केही संस्थाहरुवाट न्यूनीकरण भएतापनि उल्लेखनीय रुपमा घटेको छैन जसले गर्दा लघुवित्त संस्थाहरुले ठुलो वित्तीय व्ययभार वहन गर्नु परेको तथ्य समेत सभा समक्ष जानकारी गराउन चाहन्छु।

**३. सम्पुर्ण कारोवार पछिको खुद नाफा नोक्सान:** वित्तीय श्रोतको अभाव तथा उच्च लागत जस्ता प्रतिकुलताका बावजुद समीक्षा अवधिमा वित्तीय संस्थाले कुशलतापूर्वक आवश्यक वित्तीय श्रोतको व्यवस्थापन गरी लक्ष्य अनुसारनै कर्जा प्रवाह गर्न सफल भएको छ। तथापि वैंक वित्तीय संस्थाहरुले लघुवित्त संस्थाहरुलाइ विगतमा ९ प्रतिशत भन्दा कम व्याज दरमा लगानी भइरहेको ऋण सापट व्याजदर समिक्षा अवधिमा इतिहासकै उच्चतम विन्दुमा पुगेको छ। समिक्षा अवधिमा औषत १३ प्रतिशत व्याजदरमा यस संस्थाले अन्य संस्थावाट ऋण सापट लिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु आर्थिक वर्ष २०७४/७५मा कुल आम्दानी रु. **७७,९६,७२२।०८**, कुल खर्च रु. **१,१२,१४,७०२।२१** भई सम्पूर्ण कारोवार पछि संस्थाको खुद नोक्सान रु.. रहेको छ। समिक्षा अवधि ५ महिना मात्र रहेकोले संस्थाको खुद घाटा भने **रु.३४,१७,९८०।१३** हुन गएको छ।

**२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिवाट वित्तीय संस्थालाई परेको प्रभाव :**

अन्तराष्ट्रिय आर्थिक परिस्थितिवाट यस संस्थालाइ प्रत्यक्ष रुपमा असर परेको छैन । तथापि अन्तर्राष्ट्रिय परिस्थितिका कारण नेपाली अर्थतन्त्रमा पर्ने प्रभाववाट देशमा सृजना हुने आर्थिक समस्यावाट अप्रत्यक्ष रुपमा स्वभाविक रुपमा प्रभाव पर्ने देखिन्छ ।

समीक्षा अवधिमा वाणिज्य वैंकहरुको आन्तरिक कर्जा वृद्धी दर को तुलनामा निक्षेप संकलन वृद्धी दर न्यून रहेको कारण तरलताको अवस्था कसिलो रहेको थियो जसको कारणले लघुवित्त संस्थाहरुले समेत उच्च व्याजदरमा वाणिज्य वैंकहरुवाट कर्जा सापट लिनु परेको थियो ।

२०७४ असारमा लघुवित्त संस्थाहरुको संख्या ५३ रहेकोमा २०७५ असारमा बढेर ६५ र २०७५ असोज सम्म सो संख्या ६९ पुगेको छ । यी संस्थाहरुको शाखा संजाल पनि १८९५ वाट बृद्धि भई २०७५ आषाढमा २४४९ र २०७५ असोजमा २६६७ पुगेकोछ ।

वाणिज्य वैंकहरु आफैले पनि प्रत्यक्ष रुपमा लघु कर्जा प्रदान गर्ने र एउटै स्थानमा लघुवित्त संस्थाहरुको वाक्लो उपस्थितिले गर्दा लघुवित्त संस्थाहरु वीच  तिव्र प्रतिस्पर्धा रहेको देखिन्छ भने लघुकर्जामा दोहोरोपनाको जोखिम समेत बढेर गएको छ । वित्तीय क्षेत्रमा समय समयमा देखिने तरलताको समस्या तथा उच्च आधार ब्याजदर आदिका कारण यस संस्थाले लिने ऋण सापटको व्याजदर समेत उच्च रहेको छ । प्रतिस्पर्धी वातावरणले गर्दा संस्थाले प्रवाह गर्ने कर्जाको व्याज दरमा वृद्धी गर्दा प्रतिकुल प्रभाव पर्ने जोखिम रहेकोले कम स्प्रेड रेटमानै कार्य गर्नु पर्ने वाध्यता रहेको छ ।

समीक्षा अवधिमा संघीय शासन प्रणाली अनुसार नेपालमा सवै तहका सरकारहरु गठन भई बजेट समेत कार्यान्वयनमा आइसकेकाले आर्थिक गतिविधि विस्तारका लागि सकारात्मक वातावरण सृजना भएको छ । साथै हालका दिनमा नियामक निकायले लघुवित्त मैत्री निर्णयहरु गरेको छ जस्तै: लघुवित्त वित्तीय संस्थाहरुले अनिवार्य रुपमा कर्जा सूचना केन्द्रमा आवद्ध भई सूचना आदान प्रदान गर्ने , वाणिज्य वैंकहरुको स्प्रेड दरमा कमी, अनिवार्य तथा वैधानिक तरलता दरमा कमी तथा आधार दर भन्दा घटीमा पनि लघुवित्त संस्थालाइ कर्जा लगानी गर्न छुट दिएको छ जसले गर्दा आगामी दिनमा वित्तीय संस्थाको लागि अनुकुल व्यवसायिक वातावरण हुने अपेक्षा गरिन्छ ।

**३. चालु वर्ष २०७५ को कार्तिक मसान्त सम्मको उपलब्धी तथा भावी योजना :**

२०७५ आषाढमा ११ वटा शाखा संख्या रहेकोमा २०७५ कार्तिक मसान्त सम्म ५ वटा शाखा थप भई कुल शाखा संख्या १६ पुगेको छ भने यस अवधिमा थप २ जिल्ला कार्यक्षेत्र समेत समेटी कुल ६ जिल्लामा कार्यक्रम विस्तार भएको छ । त्यसै गरी २०७५ आषाढमा २८१ केन्द्र, ५७४ समूह, २७१७ सदस्य र १५१८ ऋणी रहेकोमा २०७५ कार्तिक सम्ममा यो संख्या वृद्धी भई क्रमश: ५०७ वटा केन्द्र, ९७६ समुह, ४८७३ सदस्य र २९४८ ऋणी हुन पुगेको छ । त्यसै गरी २०७५ अषाढमा कुल लगानीमा रहेको कर्जा ११ करोड १ लाख  र वचत रकम रु.१ करोड ११ लाख रहेकोमा २०७५ कार्तिक सम्म कुल वांकी कर्जा रु.२० करोड ८३ लाख र वचत रु.३ करोड २० लाख रहेको छ । कुल वचत कर्जा अनुपात १०.१६ प्रतिशतवाट वृद्धी भई १५.४० प्रतिशत पुगेको छ । यसै गरी नाफा नोक्सान तर्फ २०७५ आषाढ मसान्तमा ३४ लाख १७ हजार रहेकोमा २०७५ कार्तिक मसान्त सम्म १६ लाख ९१ हजार थप नोक्सानी भएको छ । २०७५ कार्तिक महिनाको संस्थाको नाफा रु.१ लाख ३७ हजार रहे संगै संस्था नाफामा संचालन हुन थालेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

वित्तीय संस्थाले प्रदान गर्ने सेवालाई अझ प्रभावकारी बनाउन तथा लगानीकर्ताहरुलाई अत्याधिक प्रतिफल प्रदान गर्नको लागि वित्तीय संस्थाले पारित व्यवसायिक योजना तथा दीर्घकालिन व्यावसायिक रणनीति अनुसार नै कार्य गर्दै आईरहेको छ । चालु आ.व.मा १० वटै जिल्लामा कार्यक्रम विस्तार गरी न्यूनतम पनि ९ वटा थप शाखा स्थापना  गर्ने, १३ हजार ऋणी सदस्यहरुलाइ ८० करोड लगानी गर्ने २० करोड निक्षेप संकलन गर्ने योजना रहेकोछ । कुल  संचित घाटा राफसाफ गरी खुद मुनाफा ५२ लाख कायम गर्ने लक्ष्य रहेको छ ।  हाल कार्यक्रम विस्तार गर्ने ४ वटा जिल्लामा शाखा विस्तार गरी थप कार्यक्षेत्रको लागि ने.रा. वैंकमा अनुरोध गर्ने योजना रहेता पनि ने.रा.वैंकमा सम्पर्क गर्दा चालु आ.व.मा थप कार्य क्षेत्रको अनुमति दिन सकिने अवस्था नदेखिएकोले संस्थाको स्तरोन्नती गरी आगामी वर्षमा राष्ट्रिय स्तरको संस्थामा परिणत भई कार्यक्रम विस्तार गर्दै लैजाने नीति रहेको छ । यसको अतिरिक्त कर्जाको विविधिकरण गर्दै शाखाहरुमार्फत कर्जा लगानी गर्ने योजना रहेकोछ । कर्जाको जाखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्रको सदस्यता लिई कर्जा सूचना लिने पहल गरिएको छ । २०७५ कार्तिक मसान्त सम्म ६४ जना कर्मचारी रहेका छन । नंया संस्था भएकोले कर्मचारीहरुको व्यावशायिक क्षमता अभिवृद्धी गर्न तहगत तालिमको व्यवस्था गर्ने योजना रहेको छ । वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन तथा नियामक निकायहरुको निर्देशनको पालना गर्न समेत वित्तीय संस्थाले विभिन्न कार्यविधी तथा निर्देशिकाहरु बनाई लागु गर्ने, अद्यावधिक गर्ने कार्य समेत गर्दै आईरहेको छ । यसको साथै विभिन्न संचालक स्तरीय उपसमितिहरु समेत गठन गरी सकिएको छ । हाल आन्तरिक लेखा परीक्षणको लागि आन्तरिक लेखा परीक्षक आउट सोर्सिङ गरिएको छ । चालु आ.व. भित्रनै संस्थाको व्यवस्थापकीय तहमा जनशक्ति व्यवस्थापन गरी आगामी वर्ष देखि आन्तरिक लेखा परीक्षण विभाग समेत संचालन गरिनेछ ।

वित्तीय संस्थाले आगामी दिनहरुमा समेत अन्य बैंकहरुसंगको सहयोगमा आवश्यक वित्तीय श्रोतको व्यवस्था गर्ने, निरन्तर कर्जा लगानी बृद्धि गर्ने, कर्जाको सावां तथा ब्याज नियमित रुपमा असुल उपर गरी कर्जाको गुणस्तर कायम राख्ने, कर्जाको निरीक्षण अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउने, कर्जा तथा कारोबारको विविध पक्षमा निहित जोखिमको उचित व्यवस्थापन गर्ने रणनीति लिनेछ ।

संस्थाको कारोवार वृद्धी हुँदै जांदा अनिवार्य रुपले कायम गर्नु पर्ने पूँजी कोष (जोखिम भारित सम्पत्तिको ८ प्रतिशत) को लागि समेत चालु आ.व.मा पूँजी थप गर्नु पर्ने अवस्था रहेको र संस्थाको विद्यमान कार्य क्षेत्र सांघुरो भएको संदर्भमा संस्थाको अधिकृत तथा चुक्ता पूँजीमा वृद्धी गरी राष्ट्रिय स्तरको संस्थाको रुपमा स्तरोन्नति गर्न आवश्यक देखिएकोले सम्मानित सभामा यस सम्वन्धी प्रस्ताव समेत पेश गरिएको छ ।

**४. वित्तीय संस्थाको व्यावसायिक सम्बन्ध :**

यस वित्तीय संस्थाले नियमनकारी निकाय, सरकारी निकायहरु, वित्तीय संस्थालाई वित्तीय श्रोत उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु लगायत अन्य सरोकारवालाहरुसंग सुमधुर व्यावसायिक सम्बन्ध स्थापित गरेको छ । यसै गरी संस्था तथा ग्राहकहरुको व्यावसायिक क्षमता अभिवृद्धी गर्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सित समन्वय र सहकार्य गरी आगामी दिनमा कार्य गर्ने योजना रहेको छ ।

**५. सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :**

संस्था दर्ता भए पश्चात हाल सम्म कुनै संचालकहरु हेरफेर नभएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**६ कारोवारलाई असर पार्ने मुख्य कुराहरु :**

वित्तीय संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य कुराहरु निम्न अनुसार रहेका छन् ।

- देशको अर्थ व्यवस्थामा हुने उतार चढावले वित्तीय क्षेत्रमा पार्ने प्रभाव ।
- मौद्रिक नीति लगायतका नियमनकारी व्यवस्थामा हुने परिवर्तन ।
- लघुवित्त कर्जाको क्षेत्रमा बढ्दो प्रतिस्पर्धा तथा कर्जा सूचना केन्द्र मार्फत सवै किसिमको कर्जा सूचना सहज रुपमा प्राप्त हुन नसकेको अवस्था । लघुवित्त संस्थाहरु वीच समन्वयको अभाव ।
- वित्तीय क्षेत्रमा ब्याप्त तरलता अभाव तथा ब्याजदरमा भईरहेको उतार चढाव
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक तथा राजनीतिक अवस्था ।
- प्राकृतिक विपत्ती तथा अन्य भैपरि आउने घटनाहरु
- वित्तीय श्रोतको अपर्याप्तता ।

**७. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**

आ.व. ०७४/७५ को लेखापरीक्षण प्रतिवेदनमा कुनै गम्भीर प्रकृतिको कैफियत उल्लेख भएको छैन तथा लेखापरीक्षकले वित्तीय संस्थाको कारोवार नियमसंगत र संतोषजनक रहेको प्रतिवेदन दिनु भएको छ । यसका अलावा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियत/निर्देशनहरु उपर छलफल गरी निर्देशानुसार सुधार गरिदै आएको छ ।

**८. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

आ.व. ०७४/७५ मा संस्था नोक्सानमा रहेकोले लाभांश नरहेको ।

**९. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत वित्तीय संस्थाले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो बिक्री गरी वित्तीय संस्थाले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सोको विवरण :**

यस वित्तीय संस्थाको हाल सम्म कुनै पनी शेयर जफत भएको छैन ।

**१०. विगत आर्थिक बर्षमा वित्तीय संस्था र यसको सहायक कम्पनीको कारोवार प्रगति र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

यस वित्तीय संस्थाको कुनै पनि सहायक कम्पनी नभएको ।

**११. यस वित्तीय संस्था तथा यसको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा वित्तीय संस्थाको कारोवारमा आएको कुनै महत्वपूर्ण परिर्वतन :**

यस वित्तीय संस्थाको कुनै पनि सहायक कम्पनी नभएको ।

**१२. विगत आर्थिक बर्षमा वित्तीय संस्थाको आधारभूत शेयरधनीहरुले वित्तीय संस्थालाई उपलब्ध गराएको जानकारी :**

यस्तो कुनै जानकारी नभएको ।

**१३. विगत आर्थिक बर्षमा वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र वित्तीय संस्थाको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट वित्तीय संस्थाले प्राप्त गरेको जानकारी :**

आ.व. २०७५ आषाढ मसान्तसम्मको सञ्चालकहरुको विवरण तथा निजहरुले लिएको शेयरको स्वामित्व निम्न बमोजिम छ । अन्य पदाधिकारीहरुको शेयर स्वामित्व नरहेको र संस्थाले जारी गरेको शेयर ग्रहण गर्ने वाहेकको शेयर कारोवारमा संचालकहरुको संलग्नता नरहेको ।

| क्र.सं. | संचालकको नाम | पद | शेयर संख्या | शेयर रकम | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| १. | अजय गोयनका | अध्यक्ष | ६५००० | ६५,००,०००। | संस्थापक समूह |
| २. | अभिषेक बेरिवाल | संचालक | ४०००० | ४०,००,०००। | संस्थापक समूह |
| ३. | मनिष गर्ग | संचालक | १५००० | १५,००,०००। | संस्थापक समूह |
| ४. | सुनिता गुप्ता | संचालक | ५००० | ५,००,०००। | संस्थापक समूह |
| ५. | प्रदिप कुमार सुद्रनिया | संचालक | ५००० | ५,००,०००। | संथापक समूह |

**१४. विगत आर्थिक बर्षमा वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

सो सम्बन्धमा कुनै सम्झौता नभएको तथा त्यस्तो कुनै जानकारी वा सूचना संस्थालाई प्राप्त नभएको ।

**१५. वित्तीय संस्थाले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत बैंकले भुक्तानी गरेको रकम :**

वित्तीय संस्थाले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**१६. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरण :**

सक्षम तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली नै संस्थागत सुशासनको आधारशिला भएको तथ्यलाई वित्तीय संस्थाले आत्मसात गर्दै, पर्याप्त व्यवस्थाहरु गरेको छ । जस अनुसार वित्तीय संस्थामा जोखिम व्यवस्थापन समिति, लेखा परीक्षण समिति, खरिद समिति, कर्मचारी सेवा सुबिधा समिति लगायतका सञ्चालक तथा व्यवस्थापन स्तरीय समितिहरु रहेका छन् । त्यस्तै आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि, आन्तरिक लेखा परिक्षण कार्य समेत स्वतन्त्र चार्टर्ड एकाउन्टेन्ट द्वारा गर्ने व्यवस्था गरिएको छ । त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सो प्रतिवेदनलाई लेखापरीक्षण समितिमा छलफल गराई प्राप्त राय तथा सुझावलाई सञ्चालक समितिको बैठकमा प्रस्तुत गरी निर्णय गरिने भएकोले आन्तरिक नियन्त्रण प्रणाली सवल रहेको छ ।

**१७. विगत आर्थिक बर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

आ.व.२०७४/७५ मा कर्मचारी खर्चमा रु.५१,४८,३३७।४४ र अन्य सञ्चालन खर्च रु. ३१,७४,६१३।४४ गरी जम्मा व्यवस्थापन खर्च रु.८३,२२,९५०।८८ रहेको छ ।

**१८. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

यस वित्तीय संस्थाको लेखापरीक्षण समितिमा सञ्चालक श्री मनिष गर्ग (संयोजक), सञ्चालक श्री प्रदीप कुमार सुद्रनिया (सदस्य) तथा संस्थाका वरिष्ठ अधिकृत श्री राजकुमार सुवेदी (सदस्य सचिव) रहेका छन् । लेखापरीक्षण समितिले वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणाली, ऐन, नियम तथा निर्णयहरु कार्यान्वयनको अवस्था आदिको समीक्षा गरी आवश्यक सुझाव दिने गर्दछ । त्यस्तै, लेखापरीक्षकको नियुक्तीको सिफारिस गर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा प्रारम्भीक लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी सञ्चालक समितिलाई सुझाव दिने गरेको छ ।लेखापरीक्षण समितिका पदाधिकारीहरुलाई प्रति बैठक रु.१,५००।- बैठक भत्ता वापत दिने व्यवस्था भएतापनि निजहरुले आ.व. २०७४/७५ मा कुनै सुविधा उपभोग नगरेको ।

**१९. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, वित्तीय संस्थाका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले वित्तीय संस्थालाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

केही नभएको ।

**२०. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरीएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

- आ. ब. २०७४/७५ संचालक समिति वैठक भत्ता वापत कुनै खर्च नभएको । संचालक समिति वैठक सम्वन्धी अन्य खर्च रु.६९,३१४। रहेको ।
- आ.ब.२०७४/७५ मा प्रमुख कार्यकारी अधिकृत ( श्री देव सिंह विष्ट) लाई पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा बापत जम्मा रु.११,७३,७९३।११ भुक्तानी गरिएको ।

- आ.ब. २०७४/७५ मा अन्य ब्यवस्थापकीय स्तरको कर्मचारी (नायव प्रमुख कार्यकारी अधिकृत श्री कुलमणी ज्ञवाली) लाई पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरु वापत जम्मा रु.७,९५,६८९।६६ भुक्तान गरिएको ।
- आ.ब. २०७४/७५ को लेखा परीक्षण गरे वापत वाह्य लेखापरीक्षक चार्टर्ड एकाउन्टेन्ट श्री घनश्याम पौड्याल ( जी.पौड्याल एण्ड एसोसिएट्स) लाइ पारिश्रमिक रु. ८४,७५०।.र आन्तरिक लेखा परीक्षक चार्टर्ड एकाउन्टेन्ट श्री ज्ञानेनन्द्र सुवेदी, ( ज्ञानेन्द्र एण्ड एसोसिएट्स) लाइ रु.२८२५०। भुक्तानी गरिएको ।

**२१. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

लाभांश नरहेको ।

**२२. कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिकी गरेको कुराको विवरण :**

कम्पनी ऐन, २०६३ को दफा १४१ आकर्षित हुने गरी कुनै पनि सम्पत्ति खरिद वा बिकी नभएको ।

**२३. कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

कम्पनी ऐन, २०६३ को दफा १७५ आकर्षित हुने गरि सम्बद्ध कम्पनी बीच कुनै कारोबार नभएको ।

**२४. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानुन बमोजिम सन्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

विशेष केही नभएको ।

**२५. अन्य आवश्यक कुराहरु :**

वित्तीय संस्थाले आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासननलाई उच्च महत्व दिएको र वित्तीय संस्थाका सञ्चालक लगायत सबै पदाधिकारीहरुले प्रचलित ऐन, नियम तथा नियामक निकायले तोकेको आचरणहरु पालना गर्दै आईरहेका छन् । त्यस्तै वित्तीय संस्थाले प्रदान गर्ने सेवाहरु समय सापेक्ष र गुणस्तरीय वनाउने तर्फ विशेष ध्यान दिइएको छ ।

वित्तीय संस्थाले आफ्ना ग्राहकहरुलाइ आत्म निर्भर र उद्यमी वनाउन उनीहरुको क्षमता अभिवृद्धी गर्न समेत आगामी दिनहरुमा विभिन्न सरोकारवाला निकाय सित समन्वय गरी कार्य गर्ने योजना रहेको छ ।

**अन्त्यमा,** नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार लगायतका नियामक निकायहरु, यस संस्थाको वित्तीय कारोवार वृद्धी गर्न वित्तीय श्रोत उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाहरु, आन्तरिक तथा वाह्य लेखापरीक्षक लगायत अन्य सबै सरोकारवालाहरु प्रति उहांहरुको सकारात्मक योगदानको लागि हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै, वित्तीय संस्थाको प्रगतिको लागि निरन्तर लागीपर्ने शेयरधनी महानुभावहरु, समिति/उपसमितिका पदाधिकारीहरु, वित्तीय संस्थाको ब्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, ग्राहक सदस्यहरु,पत्रकार तथा यस संस्था प्रति प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग र सदभाव राख्ने सम्पूर्ण शुभचिन्तकहरुमा मेरो ब्यक्तिगत तथा सन्चालक समितिको तर्फवाट हार्दिक आभार तथा धन्यवाद ब्यक्त गर्दछु । साथै भविष्यमा समेत सवै पक्षको सहयोगको अपेक्षा गर्दै प्रतिवेदन टुंग्याउन अनुमति चाहन्छु ।

धन्यवाद !!

सन्चालक समितिको तर्फवाट
अजय गोयनका
अध्यक्ष
मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड,
सिद्धार्थनगर ५, रुपन्देही

# G. Paudyal & Associates
**Chartered Accountants**
ICAN Regd. No.:307
PAN:602785567

**5th Floor, Tewa Tower**
**Teku, Kathmandu**
**Tel: 01-4233709**
**Website:www.gpa.com.np**
**Email:ca.ghanashyam@gmail.com**

## मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेडको
## शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले **मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड** को (यस पछि "कम्पनी" भनिएको) यसै साथ संलग्न आषाढ ३२, २०७५ (जुलाई १६, २०१८) को वासलात सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नितिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संलग्न रहेको वित्तिय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

**आर्थिक विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तिय विवरण प्रतिवेदन मान (एन.एफ.आर.एस.) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तिय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागू गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

लेखापरीक्षणको आधारमा वित्तिय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । यी मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउदछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरीने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीयुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले कम्पनीको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसारको हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तिय विवरण तयार एवम् प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवम् गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मूल्याँङ्कनका साथै समग्र वित्तिय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**राय दिन अस्वीकार गर्नुको आधार**

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले लघुवित्त वित्तीय संस्थाहरुलाई लागु हुने गरी वित्तिय विवरण प्रतिवेदन रुपरेखा नेपाल वित्तिय विवरण प्रतिवेदन मान (एन.एफ.आर.एस.) जारी गरेको छ, तर संलग्न गरीएका वित्तिय विवरण, कम्पनीले नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमोजिम तयार गरेको छ ।

**राय दिन अस्वीकार**

राय दिन अस्वीकार गर्नुको आधार अनुच्छेदमा उल्लेखित तथ्यको महत्वले गर्दा एन.एफ.आर.एस. अनुसार वित्तिय विवरण तयार नगर्दा हुने कुल प्रभावको हामीले पर्याप्त र उपयुक्त लेखापरीक्षण सम्बधि प्रमाण प्राप्त गर्न नसकेकाले हामीले संलग्न वित्तिय विवरणमा राय व्यक्त गरेका छैनौं ।

**अन्य कानूनी, नियमन आवश्यकता उपरको प्रतिवेदन तथा कैफियतको आधार** :

हाम्रो लेखापरीक्षण तथा हामीले पाएसम्मको सूचना एवम् हामीलाई दिईएको जानकारी र स्पष्टिकरण आधारमा :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) यसै प्रतिवेदन साथ संलग्न वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु नेपाल राष्ट्र बैंकद्वारा तोकीएको ढाँचा र तरीका अनुसार तयार गरीनुका साथै उक्त विवरण कम्पनीले राखेको हिसाब किताब बमोजिम छन् ।

ग) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको अधारमा कम्पनीको हिसाब किताबहरु एन.एफ.आर.एस. परीपालना बाहेक प्रचलित कानून बमोजिम ठीकसंग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा कम्पनीको संचालक समिति वा कुनै कर्मचारीले, प्रचलित कानून विपरीत काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरी सन्तोषप्रद रुपमा संचालन भएको छ ।

च) कम्पनीको हिसाब किताबहरुमा कुनै पनि जालसाजी गरिएको हाम्रो जानकारीमा आएन ।

मिति : २०७५।०७।१२
काठमाण्डौ ।

नि: जि. पौड्याल एण्ड एसोसियटस्
(चार्टर्ड एकाउन्टेन्टस्)

सिए घनश्याम पौड्याल
साझेदार

# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड

## सिद्धार्थनगर ५, रुपन्देही

### २०७५ साल असार मसान्तको
### वासलात

| पूँजी तथा दायित्व | अनसूची | यस आ.बर्ष रु. | गत.बर्ष .रु. |
|---|---|---|---|
| १.शेयर पूँजी | ४.१ | ४५,५००,०००.०० | - |
| २.साधारण जगेडा तथा कोषहरु | ४.२ | (३,४१७,९८०.१३) | - |
| ४.ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ५.तिर्न बाँकि कर्जा सापट | ४.४ | ८७,५६५,१५४.३८ | - |
| ६.निक्षेप दायित्व | ४.५ | ११,१८२,८४१.०४ | - |
| ७.प्रस्तावित नगद लाभांश | | - | - |
| ८.आयकर दायित्व | | - | - |
| ९.अन्य दायित्व | ४.६ | १,४४५,७५६.४० | - |
| कुल पुजि तथा दायित्व | | १४२,२७५,७७१.६९ | - |
| | | | |
| **सम्पति** | **अनसुची** | **चालु आ.व.रु.** | **गत.आ.व.रु.** |
| १.नगद मौज्दात (सिक्का समेत) | | ४८,१९०.५० | |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | ६००,०००.०० | |
| ३.बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ६,०८१,९२७.८८ | - |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | | - |
| ५.लगानी | ४.८ | २०,४७५,०००.०० | - |
| ६.कर्जा तथा सापट | ४.९ | १०९,००५,८४५.८५ | - |
| ७.स्थिर सम्पत्ति | ४.१० | ४,३८२,८८४.३५ | - |
| ८.गैर बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९.अन्य सम्पत्ति | ४.१२ | १,६८१,९२३.११ | - |
| कुल सम्पत्ति | | १४२,२७५,७७१.६९ | - |

-

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२३ |
| पुँजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) |
| प्रमुख सुचकाङ्कहरु | अनुसूची ४.२५ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ४.२७ |

४.१ देखि ४.१३ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अङ्ग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

२०७५/८/१२

| | | | |
|---|---|---|---|
| अजय गोयनका<br>अध्यक्ष | अभिषेक वेरीवाल<br>संचालक | मनिष गर्ग<br>संचालक | सि.ए. घनश्याम पौड्याल<br>जी .पौड्याल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| सुनिता गुप्ता<br>संचालक | प्रदीप कुमार सुद्रानिया<br>संचालक | देव सिंह विष्ट<br>प्रमुख कार्यकारी अधिकृत | राज कुमार सुवेदी<br>वरिष्ठ अधिकृत |

# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड
## सिद्धार्थनगर ५, रुपन्देही
## २०७५ साल असार मसान्तको
## नाफा नोक्सान हिसाव

| विवरण | अनूसुची | यस आ.बर्ष रु. | गत आ.व.रु |
|---|---|---|---|
| १.व्याज आम्दानी | ४.१४ | ४,२३७,२७७.२२ | - |
| २.व्याज खर्च | ४.१५ | १,७९०,६८२.१८ | - |
| **खुद ब्याज आम्दानी** | | **२,४४६,५९५.०४** | - |
| ३.कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | २,३०४,८७२.२१ | - |
| ४.सटही घटवढ आम्दानी | | - | - |
| कुल सञ्चालन आम्दानी | | **४,७५१,४६७.२५** | - |
| ५.कर्मचारी खर्च | ४.१७ | ५,१४८,३३७.४४ | - |
| ६.अन्य सञ्चालन खर्च | ४.१८ | ३,१७४,६१३.४४ | - |
| ७.सटही घटवढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | (३,५७१,४८३.६३) | - |
| ८.सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | १,१०१,०६९.१५ | - |
| **संचालन मुनाफा** | | (४,६७२,५५२.७८) | - |
| ९.गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | - | - |
| १०.सम्भावित नोक्सानी व्यवस्था वाट फिर्ता | ४.२१ | - | - |
| **नियमित कारोवारवाट भएको मुनाफा** | | (४,६७२,५५२.७८) | - |
| ११.असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा (नोक्सान)** | | (४,६७२,५५२.७८) | - |
| १२.कर्मचारी बोनस व्यवस्था | | - | - |
| १३.आयकर व्यवस्था | | (१,२५४,५७२.६५) | - |
| यस वर्षको कर व्यवस्था | | - | - |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | | (१,२५४,५७२.६५) | - |
| **खुद नाफा/नोक्सान** | | (३,४१७,९८०.१३) | - |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसावका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा।

२०७५/६/१२

अजय गोयनका
अध्यक्ष

अभिषेक वेरीवाल
संचालक

मनिष गर्ग
संचालक

सि.ए. घनश्याम पौड्याल
जी .पौड्याल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुनिता गुप्ता
संचालक

प्रदीप कुमार सुद्रानिया
संचालक

देव सिंह विष्ट
प्रमुख कार्यकारी अधिकृत

राज कुमार सुवेदी
वरिष्ठ अधिकृत

# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड

## सिद्धार्थनगर ५, रुपन्देही

## नाफा नोक्सान बाँडफाँड हिसाब
## २०७५ साल असार मसान्तको

| विवरण | अनुसुची | यस आ.बर्ष रु. | गत वर्ष रु |
|---|---|---|---|
| आम्दानी | | | |
| १. गत वर्षसम्मको संचित मूनाफा | | | |
| २. यस वर्षको मूनाफा | | | |
| ३. सटही घटबढ कोष | | - | |
| जम्मा | | - | |
| खर्च | | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | | - | |
| २. यस वर्षको नोक्सान | | ३,४१७,९८०.१३ | |
| ३. साधारण जगेडा कोष | | | |
| ४. भैपरी आउने जगेडा | | - | |
| ५. संस्था विकास कोष | | - | |
| ६. लाभांश समीकरण कोष | | - | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | | | |
| ८. प्रस्तावित लाभांश | | - | |
| ९. प्रस्तावित बोनस शेयर | | - | |
| १०. विशेष जगेडा कोष | | - | |
| ११. सटही घटवढ कोष | | - | |
| १२. पुँजी फिर्ता जगेडा कोष | | - | |
| १३. पुँजी समायोजन कोष | | - | |
| १४. ..... | | | |
| जम्मा | | ३,४१७,९८०.१३ | - |
| १६. सञ्चित मूनाफा/(नोक्सान) | | (३,४१७,९८०.१३) | - |

२०७५/६/१२

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

अजय गोयनका
अध्यक्ष

अभिषेक वेरीवाल
संचालक

मनिष गर्ग
संचालक

सि.ए. घनश्याम पौड्याल
जी .पौड्याल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुनिता गुप्ता
संचालक

प्रदीप कुमार सुद्रानिया
संचालक

देव सिंह विष्ट
प्रमुख कार्यकारी अधिकृत

राज कुमार सुवेदी
वरिष्ठ अधिकृत

# मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड
## सिद्धार्थनगर ५, रुपन्देही
### इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण
२०७५ साल असार मसान्तको

| विवरण | शेयर पूँजी | सञ्चित.ना.नो. | साधारण जगेडा कोष | पूँजिगत जगेडा कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा | अन्य जगेडा तथा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | - | - | - | - | - | - | - | - | - |
| स्थगन कर | | | | | | | | | - |
| समायोजित शुरु मैज्दात | | | | | | | | | - |
| **समायोजन** | | | | | | | | | - |
| यस बर्ष | ४५,५००,०००.०० | (३,४१७,९८०.१३) | - | | - | | | | ४२,०८२,०१९.८७ |
| साधारण जगेडा कोष | | - | - | | | | | | - |
| स्थगन कर जगेडा | - | - | | | - | | | | - |
| ग्राहक संरक्षण कोष | - | | | | | | | - | - |
| **अन्तिम मौज्दात** | **४५,५००,०००.००** | **(३,४१७,९८०.१३)** | - | - | - | - | - | - | **४२,०८२,०१९.८७** |

२०७५।६।१२

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

अजय गोयनका
अध्यक्ष

अभिषेक वेरीवाल
संचालक

मनिष गर्ग
संचालक

सि.ए. घनश्याम पौडेल
जि. पौड्याल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस

सुनिता गुप्ता
संचालक

प्रदीप कुमार सुद्रानिया
संचालक

देव सिंह विष्ट
प्रमुख कार्यकारी अधिकृत

राज कुमार सुवेदी
वरिष्ठ अधिकृत

मनकामना लघुवित्त वित्तीय संस्था लिमिटेड

सिद्धार्थनगर ५, रुपन्देही

नगद प्रवाह विवरण

२०७५ साल असार मसान्तको

| क्र.सं. | विवरण | यस आ.वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| (क) | **कारोबार संचालनबाट नगद प्रवाह** | **(१४,८३३,८३९.२७)** | - |
| १ | **नगद प्राप्ति** | **६,५४२,१४९.४३** | - |
| १.१ | व्याज आम्दानी | ४,२३७,२७७.२२ | |
| १.२ | कमिशन तथा अन्य आम्दानी | २,३०४,८७२.२१ | |
| १.३ | अपलेखित कर्जाको असुली | - | |
| २ | **नगद भुक्तानी** | **९,६८१,६४७.०६** | - |
| | व्याज खर्च | १,७९०,६८२.१८ | |
| | कर्मचारी खर्च | ५,०४९,०८२.४४ | |
| | कार्यालय संचालन खर्च | २,८४१,८८२.४४ | |
| | आयकर भुक्तानी | | |
| | अन्य खर्च | - | |
| | **कार्यगत पुंजि गतिविधि अघिको नगद प्रवाह** | **(३,१३९,४९७.६३)** | - |
| | **सञ्चालन सम्वन्धि चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(१११,७८८,८३८.११)** | - |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हूने रकममा कमी/(वृद्धि) | - | |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | |
| ३. | कर्जामा कमी/(वृद्धि) | (११०,१०६,९१५.००) | |
| ४. | अन्य सम्पतिमा कमी/(वृद्धि) | (१,६८१,९२३.११) | |
| | **सञ्चालन सम्वन्धि चालू दायित्वमा (कमी)/वृद्धि** | **१००,०९४,४९६.४७** | - |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | ११,१८२,८४१.०४ | |
| ३. | अल्पकालीन सापटीमा (कमी) /वृद्धि | ८७,५६५,१५४.०३ | |
| ४. | अन्य दायित्वमा (कमी)/ वृद्धि | १,३४६,५०१.४० | |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | **(२५,१९०,६१५.००)** | - |
| १ | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | | |
| २ | स्थीर सम्पतिमा कमी/(वृद्धि) | (४,७१५,६१५.००) | |
| ३ | दीर्घकालीन लगानीमा व्याज आम्दानी | | |
| ४ | लाभांश आम्दानी | | |
| ५ | अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (२०,४७५,०००.००) | |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **४५,५००,०००.००** | - |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | | |
| २ | शेयर पूंजीमा वृद्धि/(कमी) | ४५,५००,०००.०० | |
| ३. | अन्य दायित्वमा वृद्धि/(कमी) | | |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | | |
| (घ) | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी/खर्च** | - | - |
| (ङ) | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **५,४७५,५४५.७३** | - |
| (च) | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | - | |
| (छ) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ६,७३०,११८.३८ | - |

२०७५/५/१२

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

| | | | |
|---|---|---|---|
| अजय गोयनका<br>अध्यक्ष | अभिषेक वेरीवाल<br>संचालक | मनिष गर्ग<br>संचालक | सि.ए. घनश्याम पौड्याल<br>जी पौड्याल एण्ड एसोसिएटस<br>चार्टर्ड एकाउन्टेन्ट्स |
